# नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल


## अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रम (CBR) को लागि संस्था छनोट सम्बन्धी  सूचना !

प्रकाशित मिति :२०८२/०८/१२

प्रस्तुत विषयमा बागमती प्रदेश सरकारको सशर्त अनुदान शीर्षक अन्तर्गत समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम कार्यान्वय गर्न विनियोजित  रु. ३,००,०००।—(अक्षरुपी तीन लाख रुपैंयाँ मात्र) रकमबाट अपाङ्ता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने  गैर सरकारी सामाजिक संस्थाहरुबाट सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि अवसर पहुँच, जिविकोपार्जन र आयआर्जन हुने कार्यक्रम सि.वि.आर कार्यक्रम सञ्चालन कार्यविधि बमोजिम सञ्चालनको लागि इच्छुक संघ संस्थाहरुबाट प्रस्ताव आव्हान गरिएको छ। सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र देहायका कागजातसहित प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।साथै  पेश भएका प्रस्तावहरुमध्ये सम्बन्धित कार्यक्रमको कार्यविधि बमोजिम उपयुक्त प्रस्तावना छनौंट गरी कार्यक्रम सञ्चालन गरिने व्यहोरा पनि यसै सूचनाद्धारा सूचित गरिन्छ।

देहाय :

१. संस्था दर्ता तथा नविकरण गरेको प्रमाण

२. संस्था यस नगरपालिकाको कार्यालयमा दर्ता/सूचिकृत भएको प्रमाण र कर चुक्ता प्रमाणपत्र

३. संस्था समाज कल्याण परिषदमा आवद्ध र नियमित नविकरण भएको कागजात

४. अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजात

५. आ.व ०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन तथा वार्षिक प्रगती प्रतिवेदन

६. संस्थाको प्रोफाइल

७. संस्थाको विधान, प्रशासनिक र आर्थिक नियमावलीको छाँया कपी

८. संस्थाको भौतिक पुर्वाधार तथा कर्मचारीको अवस्था दर्शाउने कागजात

९. आवश्यकता अनुसारका अन्य कागजातहरु

........................

(हरिदत्त कंडेल)

प्रमुख प्रशासकीय अधिकृत